मानननीय प्रदेश प्रमुख
श्री प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ
समक्ष
माननीय मुख्य न्यायाधिवक्ता
श्री चुडामणि आचार्यले
पेश गरेको

## आर्थिक वर्ष २०७४/०७५ को


# वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय
विराटनगर मोरङ, प्रदेश नं. १

CS CamScanner

प्रदेश नं. १ का माननीय प्रदेश प्रमुख र माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा
उच्चअदालतका माननीय मुख्य न्यायधिश डा. कुलरत्न भुर्तेल ज्यूबाट
मुख्य न्यायधिवक्ता श्री चुडामणि आचार्यले पद तथा
गोपनियताको सपथ ग्रहण लिदै ।





CamScanner

# माननीय प्रदेश प्रमुख श्री प्रा. डा. गोविन्द वहादुर तुम्वाहाङ

समक्ष

## माननीय मुख्य न्यायाधिवक्ता श्री चुडामणि आचार्यले पेश गरेको

## आर्थिक वर्ष २०७४/०७५ को

# बार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय

विराटनगर मोरङ, प्रदेश नं. १

CS CamScanner

# प्रदेश नं. १ का मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

## आ. व. २०७५/०७५


प्रकाशन संख्या -

प्रकाशित मिति : २०७५ असोज

सम्पादक मण्डल :

संयोजक : उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारी

सदस्य : शाखा अधिकृत श्री पुरुषोतम खतिवडा

सदस्य : शाखा अधिकृत श्री रेणुका राई

सदस्य : निजी स्वकीय सचिव श्री अवसर मादेन

कम्प्युटर अपरेटर : गंगा खतिवडा

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं. १ मोरङ, विराटनगर

फोन नं. : ०२१-५३०९०७, ०२१-५३०६२८

मुद्रण : अरनिको छापाखाना, विराटनगर, फोनः ०२१–५२६०७८


CamScanner

फोन/फ्याक्स–०२१५३०६२८, ५३०९०७

# प्रदेश नं. १

# मुख्य न्यायाधिवक्ताको कार्यालय,

# विराटनगर

मानननीय प्रदेश प्रमुख ज्यू

मिति: २०७५ माघ

प्रदेश प्रमुखको कार्यालय,

प्रदेश नं. १, विराटनगर

**विषय : आर्थिक वर्ष २०७४/०७५ को बार्षिक प्रतिवेदन पेश गरिएको ।**

नेपालको संविधान जारी भएपछि संविधानको व्यवस्था बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तीन तह राज्यको पुनसंरचना र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधानत : व्यवस्था गरिएका निकाय /संरचना मध्ये नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था छ । मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुने र निजले संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ । मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भन्ने संवैधानिक प्रावधान बमोजिम प्रदेश नं. १ को प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५" निर्माण भई सकेको छ । उक्त ऐनको दफा १२ को उपदफा (१) मा प्रत्येक वर्ष संविधान, र प्रदेश कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मुख्य न्यायाधिवक्ताले प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेकोमा प्रतिवेदनमा वर्षभरीका संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका निवेदन, मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध प्रकृति सम्बन्धी विवरण, अपराध रोकथाम नियन्त्रणको लागि भविष्यमा गर्नु पर्ने सुधारको विवरण, आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यवोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषयहरु समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ ।

CS CamScanner

प्रदेशमा कानूनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानूनको प्रयोगमा सहजीकरण गर्न, फौजदारी न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने महत्वपूर्ण

जिम्मेवारी मुख्य न्यायाधिवक्ता र मातहतका कार्यालयहरुमा रहेको छ । कार्यालयबाट सम्पादन गरीने सम्पूर्ण कार्यहरु चुस्तदुरुस्त, पारदर्शी र कानून सम्मत हुन जरुरी हुदाँ मुख्य न्यायाधिवक्ता र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतको कार्यालयहरुले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ । संविधान तथा कानूनले परिकल्पना गरेको , व्यवहारमा लागु हुने प्रक्रियामा रहेको संरचनाबाट तत्काल धेरै काम र परीणामको अपेक्षा गर्न हतार गरे जस्तो हुन्छ । कार्यालय खोली कार्यक्रम गरेको , अहिले पनि संरचनात्मक संगठनात्मक स्वरुप अधिकारको श्रोत स्पष्ट र व्यवस्थित भईसकेको अवस्था छ तथापी संविधान र कानूनको प्रयोग गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय प्रवेश गरीसकीएको अवस्था छ ।


अन्त्यमा कानूनी शासन, विधिको शासन,मानव अधिकार,स्वतन्त्र न्यायापालिका,कानून र न्यायका मान्य सिद्धान्तप्रति दृढ र अटल आस्था राख्दै प्रदेश सरकारले सम्पादन गर्ने महत्त्वपूर्ण कार्यहरुको कानूनी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरु सदैव दृढतापूर्वक क्रियाशील रहने व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु ।

.....................................

माननीय चुडामणि आचार्य

मुख्य न्यायाधिवक्ता

CamScanner



माननीय मुख्य न्यायाधिवक्ता  श्री चुडामणि आचार्य



उप न्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारी

# विषय सूची

| क्र. स. | | पेज नं. |
|---|---|---|
| **परिच्छेद – १: सामान्य परिचय** | | |
| १.१ | परिचय | १ |
| १.२ | कार्यालयको स्थापना | ३ |
| | १.२.१ संगठनात्मक स्वरुप | ३ |
| १.३ | व्यवस्थापन तथा प्रशासनिक संरचना | ४ |
| | १.३.१ मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तव्य र अधिकार | ४ |
| | १.३.२ मुख्य न्यायाधिवक्ता कार्यालयको दरबन्दी अवस्था | ६ |
| | १.३.३ कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ७ |
| | १.३.४ मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण | ८ |
| १.४ | सम्पादित कार्यहरुको विवरण | ८ |
| | १.४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या | ९ |
| | १.४.२ प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण | ९ |
| | १.४.३ प्रदेश सरकार पक्ष वा प्रत्यर्थी भई दायर भएका मुद्दा मामिला प्रतिरक्षा गरेको विवरण | १० |
| १.५ | समन्वय | १० |
| १.६ | मुख्य न्यायाधिवक्ताको अन्य भूमिका | १० |
| **परिच्छेद – २: निष्कर्ष र सुझाव** | | |
| २.१ | मुख्य न्यायाधिवक्ता कार्यालयका सवल र दुर्वल पक्ष | १२ |
| २.२ | निष्कर्ष | १४ |
| २.३ | सुझावहरु | १४ |

CamScanner

# परिच्छेद - १

# सामान्य परिचय

## १.१ परिचय

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा १६०, मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । नेपालको संविधानको धारा १६० उपधारा-२ बमोजिम माननीय प्रदेश नं. १ का मुख्य मन्त्री श्री शेरधन राई ज्यूको सिफारिसमा माननीय प्रदेश प्रमुख प्रा. डा. गोविन्द वहादुर तुम्बाहाङ ज्यूबाट मिति २०७४ फाल्गुण २५ गते मंगलवार १ नं. प्रदेशका मुख्य न्यायाधिवक्ता पदमा वरिष्ठ अधिवक्ता श्री चुडामणि आचार्यलाई नियुक्ति गर्नु भएको हो । उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधिश श्री डा. कुलरत्न भुर्तेल ज्यूबाट प्रदेश प्रमुख माननीय प्रा. डा. गोविन्द बहादुर तुम्बाहाङ र १ नं प्रदेशका माननीय मुख्य मन्त्री शेरधन राई प्रदेश सभाका सभामुख माननीय प्रदिप कुमार भण्डारी समेतको उपस्थितिमा मिति २०७४ साल चैत महिना १२ गते सोमवारको दिन मुख्य न्यायाधिवक्ता पदको पद तथा गोपनियता सपथ ग्रहण सम्पन्न भएको थियो । प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकि दिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकार पक्ष विपक्ष हुने मुद्दाको प्रतिरक्षा बहस पैरवी लगाएतको व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सरकारको तर्फबाट उक्त आवश्यकतालाई व्यवस्थित गर्न प्रदेश सभा समक्ष विद्येयकको रुपमा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन प्रस्तुत गरेकोमा प्रदेश सभाद्धारा उक्त ऐन पारीत भएपछी प्रदेशको मुख्य न्यायाधिवक्ताको संरचनालाई व्यवस्थित रुप दिन सकिएको हो । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेका अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने, मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन भए वा नभएको अनुगमन



CamScanner

गर्ने/गराउने, प्रदेश भित्रका हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार समेत मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ ।

प्रदेश सभालाई कानूनी प्रश्नहरुमा आफनो राय व्यक्त गर्ने र न्यायिक अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने कार्य गर्ने जिम्मेवारी रहि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ३८(२) अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल वोर्ड रहने जसको नियन्त्रण निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्ययायाधिवक्ताले विधिवत रुपमा कामको प्रारम्भ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भवनमा रही गर्दै आएकोमा हाल साविक क्षेत्रिय हुलाक निर्देशनालय रहेको विराटनगरको भवनमा कार्यालय सञ्चालन गर्दै महान्यायाधिवक्ताको कार्यालय संगको आपसी समन्वय गरी आफ्नो भुमिका निर्वाह गरिरहेको अवस्था छ । २०७४।११।२५ मा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखवाट नियुक्ति भएपछी कार्य संचालनका लागि आवश्यक, कमर्चारी, कार्यालय सबै आवश्यकिय प्रवन्ध गर्नुपर्ने अवस्था थियो ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षको आफूले सम्पादन गरेको कामकाजको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, प्रदेश सरकार पक्ष विपक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा आफ्नो मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषय समेत उल्लेख गरी सिफारीस र सुझावहरु समेत उल्लेख गरी यो आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।



CamScanner

## १.२ कार्यालयको स्थापना

मुख्य न्यायाधिवक्ताको पदको पद तथा गोपनियताको शपथ ग्रहण समारोह सम्पन्न भए पश्चात मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा एउटा कोठामा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना गरियो ।

मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय आफैलाई पनि कार्यालय अपुग भएको अवस्थालाई विचार गरी कार्यालयको भवन निर्माण नभएको र अपर्याप्त भएको कारणले २०७५ साल असार २८ गते देखि विराटनगर स्थित क्षेत्रिय हुलाक कार्यालयको दोस्रो तलामा रहेका ७ वटा कोठाहरु कार्यालयले प्रयोग गर्दै आइरहेको छ । बजेटको परिधि र समय सिमाको कारणले यस अवधिमा कार्यालय भवन, कार्यालयमा चाहिने सवारी साधनको खरिद, कार्यालयको अतिथि कक्ष, कार्यालय परिसर भित्रका अन्य कार्यहरु सम्पन्न गर्न सकिएन कार्यहरु आगामी वर्षमा सम्पन्न गर्दै जाने प्रयास गरिनेछ ।

### १.२.१ संगठनात्मक स्वरुप

नेपालको संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र निजको नियुक्ति सम्बन्धित मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ। संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने र प्रदेश सरकारको तर्फबाट दायर भएका र प्रदेश सरकारलाई विपक्षी बनाइएका मुद्दाहरुका सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष निवेदन, पुनरावेदन, पुनरावलोकन दर्ता गर्ने, मुद्दाको बहस पैरवी गर्ने , प्रदेश सरकार पक्ष भएको वा प्रदेश सरकारको हक,हित वा सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दाको पुनरावेदन गर्ने एवं प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन् । मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना उच्च अदालत र सो सरहका अन्य इजलाससँग जोडिएको हुदाँ महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराएका कर्मचारीहरु र करारमा नियुक्त जनशक्तिबाट विराटनगरमा कार्यालय संचालन रहेको छ । संगठान्मक स्वरुप व्यवस्थित भैसकेको छैन ।



CamScanner

## १.३. व्यवस्थापन तथा प्रशासनिक संरचना

नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई सुम्पेको जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्न स्थापित मुख्य न्यायाधिवक्ताको कार्यालयको भौतिक स्थिति र आवश्यकताहरुलाई यस प्रतिवेदनमा प्रस्तुत गरीएको छ ।

### १.३.१ मुख्य न्यायाधिवक्ताको काम , कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने अवस्था छ । संविधान कै सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुरुप १ नं. प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन , २०७५ जारी गरी सकेके छ । निम्न ढंगले काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ ।

१. नेपालको संविधानको धारा १६० र १ नं. प्रदेश सभाले बनाएको कानूनलाई हेर्दा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजम रहेको देखिन्छ :-

(क) प्रदेश सरकार पक्ष विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सावर्जनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रतिरक्षा गर्ने / गराउने,

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसला प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानुन संसोधन गर्न वा बनिरहेको कानून लागु गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखितहरुको स्तर कायम गर्न प्रदेश कार्यालयहरु बीच आवश्यक समन्वय गर्ने,

(ङ) प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

२. प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले अनुरोध गरेमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ ।

३. कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हित असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकार तोकिएको रहनेछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

४. प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानूनको उलङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।



CamScanner

५. मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

६. मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

७. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

८. मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।

### १.३. २. मुख्य न्यायाधिवक्ता कार्यालयको दरवन्दीको अवस्थाः

मुख्य न्यायाधिवक्ताले अदालत तथा न्यायिक अधिकारी समक्ष प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दाहरुमा वहस पैरवी गर्ने र प्रदेश सरकारले तोकिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने लगायतका संविधान र प्रदेश कानुनले तोकेको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्वयं वा मातहतका कार्यालयहरुबाट सम्पादन गर्ने व्यवस्था अनुरुप मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने संवैधानिक प्रावधान अनुसार हाल प्रदेश न.१ मोरङ बिराटनगरमा अवस्थित मुख्य न्यायाधिवक्ताको नेतृत्वमा सरकारी वकील तथा अन्य कर्मचारी मौजुदा दरवन्दी देहाएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**मुख्य न्यायाधिवक्ताको कार्यालयको दरबन्दी विवरण**

| क्र. स. पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १.मुख्य न्यायाधिवक्ता | | | | १ | |
| २.उप न्यायाधिवक्ता | रा.प.द्धितिय | न्याय | सरकारी वकिल | १ | |
| ३.शाखा अधिकृत | रा.प.तृतिय | न्याय | सरकारी वकिल | ३ | हाल दुइजना |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मात्र हाजिर |
| ४.नायब शुब्बा | रा.प.अ.प्र. | प्रशासन | सरकारी वकिल | २ | हाजिर हुन बाँकी १ |
| ५.लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ६.क.अपरेटर | रा.प.अ.प्र. | विविध | | १ | |
| ७.ह.स.च. | श्रेणी विहिन | इन्जि. | मे./जे.मे | २ | |
| ८.का.स. | श्रेणी विहिन | प्रशासन | सा. प्र. | २ | |
| जम्मा | | | | १२ | |

मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत सरकारी वकील तथा कर्मचारीहरुको विवरण ।

| क्र.स | पद | नाम थर | सम्पर्क न. | हाजिर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | उप स. | श्री राजेन्द्र सिहं भण्डारी | ९८५११६३२३६ | २०७५।०८।१६ | |
| २ | शा. अ. | श्री पुरुषोतम खतिवडा | ९८४२५८०२६९ | २०७५।०७।२९ | |
| ३ | शा. अ. | श्री रेणुका राई | ९८४२१७०८४६ | २०७५।०४।२८ | |
| ४ | ना. सु. | श्री रुपेश सुनरेत | ९८४२३६२०६५ | २०७५।०१।१६ | हाल सरुवा |
| ५ | लेखापाल | श्री राधिका लामिछाने | ९८५४०३१४३० | २०७५।०३।३२ | |
| ६ | स.क.अ. | श्री गंगा खतिवडा | ९८४२९६८६६० | २०७५।०५।०१ | करार |
| ७ | ह. स. च. | श्री संजिव कु. कटुवाल | ९८६४३९८४९५ | २०७५।०१।०१ | करार |
| ८ | का. स. | श्री चन्द्र दाहाल | ९८६२०३५७२७ | २०७५।०७।१४ | करार |
| ९ | का. स. | श्री सरस्वती राजवंशी | ९८१०४६६५६४ | २०७५।०४।१६ | करार |

मुख्य न्यायाधिवक्ताको निजी सचिवालयमा कार्यरत कर्मचारीको विवरण:

| क्र.स | पद | नाम थर | सम्पर्क न. | हाजिर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव(रा.प्र. तृतीय) | श्री अवसर मादेन | ९८४२४९५५७३ | २०७५।०४।१ | सुविधा |

### १.३.३. कार्यलय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

संगठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरु लगायतका भौतिक साधन र पूर्वाधारहरुको साथै सुरक्षा संयन्त्रहरु समुचित व्यवस्थापन अपरिहार्य हुन्छ । कार्यालयको भवन निर्माण नभएको र



CamScanner

अपर्याप्त भएको कारणले २०७५/३/२८ गते क्षेत्रिय हुलाक कार्यालय रहेको दोस्रो तलामा स्थानान्तरण भई मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालनमा रहेको छ । आफ्नै भवन नभएको र भैतिक साधनश्रोतको अपर्याप्तता रहेको छ ।

### १.३.४ मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण :-

मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाको संख्या र कार्यबोझको अनुपातमा भौतिक स्रोत साधनहरुको व्यवस्था गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि आर्थिक वर्ष २०७४/०७५ मा प्रदेश सरकारले विनियोजन गरेको बजेट रकम रु ६२,०५,०००/- रहेको थियो । मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०७४/०७५ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**आर्थिक वर्ष २०७४/०७५ को बजेटको अवस्थाः**

| सि.नं. | बजेट उपशिर्षक | बजेट विनियोजन | निकासा | खर्च | खर्च नभएको |
|---|---|---|---|---|---|
| १ | ७०१२३२११३ (चालु प्रशासनिक खर्च) | ४२,०५,०००/- | ९,९०,४००/- | ९,९०,४००/- | ३२,१४,५३०/- |
| | मुख्य क्रियाकलाप : मुख्य न्यायाधिवक्ता पारिश्रमिक र सुविधा, खर्चहरु, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको परिश्रमिक र कार्यलय संचालन खर्चहरु । | | | | |
| २ | ७०१२३२५१३ (कार्यक्रम खर्च) | ५,००,०००/- | ३,३७,०००/- | ३,३७,०००/- | १,६३,०००/- |
| | कार्यक्रम सञ्चालन गर्दा भएको खर्चहरु | | | | |
| ३ | ७०१२३२११४ (पूँजीगत खर्च) | १५,००,०००/- | १४,००,०००/- | १४,००,०००/- | १,००,०००/- |
| | फर्निचर तथा फिक्चर्स खरिद, मेसिन औजार कम्प्युटर खरिदमा खर्च भएको तर कम्प्युटर सफ्टवर निर्माण तथा खरिद खर्च एवं वौद्धिक सम्पति प्राप्तिको खर्च नभएको । | | | | |

### १.४. सम्पादित कार्यहरुको विवरण

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०७४/०७५ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरुमा वहस,

पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादन गरिएका कार्यहरुको कार्यालयगत तथा एक मुष्ठ लगत फछ्यौंट विवरणलाई प्रस्तुत गरिएको छ ।

### १.४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या :-

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट स्थापना भए देखि यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा तिन वटा विषयमा राय माग भएकोमा सबै राय माग गर्ने प्रदेश सरकारका निकायहरुलाई कानूनी राय सल्लाह प्रदान गरिएको। यस आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएका राय र रायको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.स. | राय माग गर्ने | मिति : | प्रदान गरिएको रायको व्यहोरा |
|---|---|---|---|
| १. | प्रदेश सभा | | प्रदेश सभा संचालन एवं कार्यविधिगत विषयमा राय सल्लाह दिएको |
| २. | प्रदेश सरकार | | प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा प्रदेश मन्त्रालयहरुमा कानून निर्माणको विषयमा राय सल्लाह उपलब्ध गराएको |
| ३. | प्रदेश सभा | | प्रदेश सभाको विषयगत समितिमा विभिन्न विधेयक उपर राय सल्लाह दिएको |

### १.४.२ प्रदेश सरकार पक्षभई चलेको मुद्दा सम्बन्धी विवरण :

नेपालको संविधानको धारा १६० (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम कुनै अदालत वा अर्थ न्यायिक निकाय समक्ष प्रदेश सरकारको तर्फबाट निवेदन पुनरावेदन र पुनरावलोकन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । सो अनुसार यस आर्थिक वर्षमा प्रदेश सरकार पक्षभई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय भएको छैन ।



CamScanner

**१.४.३ प्रदेश सरकार पक्ष वा प्रत्यर्थी भई दायर भएका मुद्दा मामिला प्रतिरक्षा गरेको विवरण**

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा प्रदेश सरकारको प्रतिरक्षा लागि दायर भएका मुद्दाहरुको लगत ३ वटा रहेका छन् । ती सबै मुद्दाहरु सम्मानित श्री उच्च अदालत विराटनगरमा हाल चालु अवस्थामा रहेका छन् ।

**१.५. समन्वय**

नेपालको संविधान धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ भन्ने उल्लेख भएको साथै सोही धाराको उपधारा (६) मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालय व्यवस्था गर्ने व्यवस्था छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ मा महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्ग निर्देशन दिन सक्ने छ। उक्त निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था छ । उल्लेखित संविधान तथा ऐनमा भएका प्रावधानहरुबाट यी दुई संवैधानिक निकायहरु बीच आपसी समन्वय र सहकार्यको काम गर्नुपर्ने भएबाट यो दुई संवैधानिक निकाय बीच आपसि सहमति समन्वयका माध्यमबाट सुमधुर सम्बन्ध सिर्जना हुने अवस्था देखिन्छ ।

**१.६ मूख्य न्यायाधिवक्ताको अन्य भूमिका**

१. **सरुवा र विभागीय कारबाही गर्ने अधिकार:** प्रचलित कानूनको अधिनमा रही महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरे बमोजिम प्रदेश भित्र मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका न्यायाधिवक्ताको कार्यालयका न्यायाधिवक्ता र अन्य कर्मचारीहरुको सरुवा गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुनेछ । तर, विभागीय कारबाहीको हकमा सोही व्यहोरा उल्लेख गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

२. **कारबाहीको लागि लेखी पठाउने :-** प्रदेश सरकारको हकहित र सरोकार रहेको मुद्दामा कुनै अधिकारले लापरवाही वा बदनियतसाथ काम गरेको वा संलग्न



CamScanner

वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि लेखी पठाउनेछ ।

३. **समन्वय समितिको अध्यक्षः** प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको अध्यक्ष फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश कानून मन्त्रालयको सचिव, प्रदेश गृह मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख, समेत रहेको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड गठन हुने व्यवस्था छ ।

४. **कानूनको मसौदा समितिको सदस्य** : प्रदेश न.१ को कानून मसौदा समितिमा मुख्य न्यायाधिवक्तालाई कानूनको विशेषज्ञको रुपमा समितिमा राख्ने निर्णय मन्त्रिपरिषदबाट भएको छ ।



CamScanner

## परिच्छेद - २

## निस्कर्ष तथा सुझाव

### २.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष :

नेपालको संविधानमा सर्वप्रथम मुख्य न्यायाधिवक्ताको अवधारणा स्थापित भई प्रदेश न. १ मा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्य संचालन गरी रहेकोमा यस कार्यालयसँग सम्बन्धित आन्तरिक। वाह्य वातावरण एवं वस्तुस्थिति विश्लेषण गर्दा देहायका सवल र दुर्वल पक्षहरु देखिएका छन् ।

**सबल पक्षहरु**

- मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपछि प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरु तथा सरकारी निकाय र अधिकारीहरुलाई सहज रुपमा कानूनी राय सल्लाह प्राप्त गर्ने अवस्था बनेको छ।
- प्रदेश सरकार विरुद्ध परेका रीट निवेदनहरुमा उच्च अदालतमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ।
- प्रदेश क्षेत्रभित्र कानूनी शासनको जग बसाउनमा मुख्य न्यायाधिवक्ता र सो कार्यालयका सरकारी वकीलबाट महत्वपूर्ण भूमिका रहने स्थिति बनेको छ।
- स्वीकृत दरबन्दी अनुसार सरकारी वकिलहरु सम्मिलित भएको कार्यालय सञ्चालनमा आएको छ।
- मुख्य न्यायाधिवक्तालाई आवश्यक पर्ने सवारी साधन, कार्यालयलाई आवश्यक पर्ने पुस्तक, फर्निचर र मेसिनरी सामान खरीद भएका छन ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकार र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य सरकारी अधिकारीहरुलाई राय सल्लाह दिने अधिकार संविधान र कानूनमा नै सुनिश्चित भएको छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन नं. १ प्रदेश सभाबाट पारित भएको छ ।
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र



CamScanner

सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको व्यवस्था गिरएको छ ।

- प्रदेश सरकारबाट निसृत हुने कामकारवाही कानूनी शासनको मान्यता र विधिमा आधारीत हुने छन।
- न्यायिक वा अर्ध न्यायिक निकायहरुमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ।

**दुर्बल पक्षहरु**

- मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ताले के-कस्तो काम गर्दछ भन्ने बारेमा आम जनताहरु जानकारी भईसकेका छैनन् । त्यसैले प्रयाप्त जनताले सेवा पाउन सकेका छैनन ।
- दरबन्दी अनुसार सबै कर्मचारीको पदपुर्ति हुन सकेको छैन ।
- छुट्टै भौतिक संरचना र कार्यालयलाई चाहिने आवश्यक सवारी साधन उपलब्ध
- महान्यायाधिवक्ताको मातहतमा रहने मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाहरुको अभियोजन गर्ने नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुनु सकेको नहुदाँ कार्यमा द्विविधा परेको छ।
- प्रदेशले निर्माण गरेका कानूनहरुको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीहरुको प्रष्ट व्यवस्था नहुदाँ प्रदेश स्तरीय कानूनको कार्यान्वयन गर्नमा कठिनाई छ ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुको क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन भने कर्मचारीहरुलाई उत्प्रेरणा दिई राख्न सक्ने अवस्था नहुदाँ सरुवा रोक्न सक्ने अवस्था छैन र वैदेशिक अध्ययन भ्रमणको अवसर समेत छैन ।
- मुख्य न्यायाधिवक्ताको आफ्नै भवन नभएकोले कार्य वातावरण सहज छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरु मध्य कतिपय समस्याहरु बाह्य वातावरणले सिर्जना गरेका छन भने कतिपय संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरु नीतिगत तथा चुनौतीहरुको सामना गर्ने कार्यमा सम्बद्ध सबैको सहयोग र सहकार्य हुने अपेक्षा राखिएको छ ।



CamScanner

## २.२ निष्कर्ष

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासन प्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, समक्ष र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्ने हुदाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक वा अधिकारी समक्ष नेपाल सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिकको आदेशबाट प्रदेश सरकारको हक हितमा प्रतिकूल असर परेमा प्रदेश सरकारको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन पेश गर्ने, प्रदेश सरकार विरुद्ध दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने, अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकार र प्रदेश सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार कानूनले तोकेको छ ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट नयाँ कानूनहरुको निर्माण हुने क्रम जारी छ सोही कानून अनुरुप मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा पूर्व तयारी र थप क्रियाशिलता देखाउनु पर्ने अवस्था छ । यसका लागि पर्याप्त, साधन र जनशक्ति उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।

## २.३ सुझावहरुः

नेपालको संविधानले देशलाई संघीयतामा अवतरण गराई सकेपछि प्रदेश तहमा समेत उक्त संविधानको मर्म बमोजिम कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम राख्दै प्रदेश स्तरमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छ। मुख्य न्यायाधिवक्ता कार्यलायका काम कारवाहीको अभ्यास छोटो समयकै भएपनि केहि सारभूत, भौतिक र मानवीय समस्याबाट यो कार्यालय समेत अछुतो छैन । छोटो समयमा पनि यस कार्यालयको गरिमा अभिवृद्धिको लागि निम्न सुझाव दिनु सान्दर्भिक हुनेछ।



CamScanner

१. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको नियन्त्रण हो स्पष्ट हुन नसकेको र कुनै अधिकार प्रत्यायोजन नभएको स्थितिमा सो विषयहरु निर्क्योल हुनु जरूरी देखिन्छ।

२. मुख्य न्यायाधिवक्ता कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको हुदाँ आफनो मातहत रहने कार्यालयका कर्मचारी र भविष्यमा उच्च अदालतका इजलास मुकाम रहन सक्ने कार्यालयमा कार्यरत कर्मचारीहरुको मुख्य न्यायाधिवक्ता प्रति जवाफदेही गराउने प्रावधान नहुदाँ सो तर्फ आवश्यक नीति र संघीय ऐनहरुमा व्यवस्था गरिनु पर्ने ।

३. मुख्य न्यायाधिवक्ताको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समूचित ध्यान पुग्न सकेको छैन । मुख्य न्यायाधिवक्तालई संविधान र ऐन कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।

४. स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने सवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के कसरी समन्वय सहकार्य गर्नु पर्ने हो सो सम्बन्धमा स्पष्टता नभएको र स्थानिय न्यायिक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परिक्षणका विषय हुनसक्ने र त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र सोको कार्यालयको भूमिकाबारे स्पष्टता हुनुपर्ने।

५. मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको कार्यालय हुने भएकाले आवश्यक आफनै जग्गा, घर नभएको, भौतिक स्रोत साधनहरुको कमी रहेकोले सो तर्फ पहल हुनु पर्ने देखिन्छ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरिय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि निर्धारण गर्नुपर्ने देखिन्छ ।

७. उच्च अदालतले मुद्दाको रोहमा गरेको फैसलाहरु केही हदसम्म अन्तिम हुने संविधान, कानूनको प्रयोग अन्तर्गत प्रदेश तहका फौजदारी न्याय प्रणालीसंग जोडिएका मुद्दामा मुख्य न्यायाधिवक्ताको भूमिकालाई स्पष्ट गरिनुपर्ने आवश्यकता देखिन्छ ।



CamScanner

८. जिल्ला अदालत, उच्च अदालत लगायत प्रदेश निकायका अर्धन्यायिक निकाय एवं न्यायिक निकायसंग समन्वयमा सम्पर्क स्थापित गर्न, भरपर्दो संयन्त्रको आवश्यकता देखिन्छ ।

९. संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्दछ ।

१०. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, अनुसन्धान व्युरो प्रदेशको एकल अधिकार संविधानको अनुसू□ी (६) मा उल्लेख भएकोले त्यस्तो संर□नामा समन्वय र सहकार्यका लागि मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुन जरुरी छ ।

११. प्रदेशसभा कानून निर्माण सभा पनि भएकोले दण्डनीय कानून वनाउन सक्छ र प्रदेश सरकारले प्रदेशभित्र प्रशासन, शान्ति सुरक्षा र कानूनी राज्य प्रतिको जवाफदेहिता वहन गर्नुपर्ने भएकोले निर्मित कानून लागु गर्नुपर्ने हुन्छ । त्यस्ता कार्यका लागि मुख्य न्यायाधिवक्तालाई हाल प्र□लनमा रहेको सरकारी मुद्दा सम्बन्धी ऐनमा संसोधन गरी संविधानले परिकल्पना गरे बमोजिम जिम्मेवारी निर्धारण गर्न आवश्यक रहेको छ ।

१२. फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट वनाउनु पर्ने देखिन्छ ।



CamScanner


छलफल तथा अन्तरक्रिया
कार्यक्रम
स्थान: इलाम


छलफल तथा अन्तरक्रिया
कार्यक्रम
स्थान: धनकुटा

CamScanner